# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५४) काठमाडौं, असोज ७ गते २०६१ साल (अतिरिक्ताङ्क २८(क)

## भाग ३

श्री ५ को सरकार

### श्रम तथा यातायात व्यवस्था मन्त्रालयको सूचना

**सवारी तथा यातायात व्यवस्था (पहिलो संशोधन) नियमावली, २०६१**

सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १७९ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "सवारी तथा यातायात व्यवस्था (पहिलो संशोधन) नियमावली, २०६१" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ को नियम १८ मा संशोधन** : सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ (यसपछि "मूल नियमावली" भनिएको) को नियम १८ को,-

(१) उपनियम (१) को खण्ड (क) को उपखण्ड (५) पछि देहायका उपखण्ड (६), (७), (८), (९), र (१०) थपिएका छन् :-

"(६) बसमा आगो निभाउने यन्त्रको व्यवस्था,

(७) बसको उपयुक्त स्थानमा संकटकालिन ढोकाको व्यवस्था,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(८) बसमा आवश्यक औषधि तथा उपकरणसहितको प्राथमिक उपचारको व्यवस्था,

(९) बसमा झ्यालको लकको अवस्था दुरुस्त, र

(१०) बसको सक अब्जर्भरको अवस्था दुरुस्त ।"

(२) उपनियम (१) को खण्ड (ख) को उपखण्ड (५) पछि देहायका उपखण्ड (६), (७), (८), (९) र (१०) थपिएका छन् :-

"(६) बसमा आगो निभाउने यन्त्रको व्यवस्था,

(७) बसमा उपयुक्त स्थानमा संकटकालिन ढोकाको व्यवस्था,

(८) बसमा आवश्यक औषधि तथा उपकरणसहितको प्राथमिक उपचारको व्यवस्था,

(९) बसमा झ्यालको लकको अवस्था दुरुस्त, र

(१०) बसको सक अब्जर्भरको अवस्था दुरुस्त ।"

(३) उपनियम (१) को खण्ड (घ) पछि देहायको खण्ड (ङ) थपिएको छ :-

"(ङ) माईको बस : -

(१) चालक सहित १२ देखि १४ सिट संख्या,

(२) सिटको लम्बाई कम्तीमा १५ इन्च, चौडाई कम्तीमा १६ इन्च, उचाई कम्तीमा १५ इन्च, पिठ्यूको उचाई कम्तीमा २२ इन्च र लेग प्लेसको दूरी ११ इन्च भई सबै सिटहरु अगाडि फर्केको,

(३) माईक्रो बसको भित्री उचाई कम्तिमा १३४५ एम.एम,

(४) माईको बसको प्रवेशद्धारको पहिलो सिंढी जमिनको सतहदेखि बढीमा एक फुट उचाई, र

(५) माईक्रो बसका झ्यालको लकको अवस्था दुरुस्त ।"

(४) उपनियम (४) पछि देहायका उपनियम (४क), (४ख) र (४ग) थपिएका छन् :-

"(४क) लामो बाटो तथा मध्यम बाटोमा द्रुत (एक्सप्रेस) सेवा अन्तर्गत संचालन हुने माइक्रो बसलाई शुरु संचालन भएको मितिले पाँच वर्षसम्मको लागि संचालन गर्न दिइनेछ र सो अवधि नाघेपछि त्यस्तो सवारीको यान्त्रिक तथा प्राविधिक स्थिति लगायत अन्य आवश्यक कुराहरुको बारेमा प्रत्येक वर्ष जाँचबुझ गरी थप तीन वर्षसम्मको लागि अनुमति दिइनेछ ।

(४ख) लामो बाटो, मध्यम बाटो र छोटो बाटोमा सञ्चालन हुने साधारण (लोकल) बस सेवा, मिनिबस र माइक्रोबसमा यस नियममा उल्लिखित अन्य कुराका अतिरिक्त आवश्यक औषधि तथा उपकरण सहितको प्राथमिक उपचार र आगो निभाउने यन्त्र समेतको व्यवस्था हुनु पर्नेछ ।

(४ग) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सिधै (डाइरेक्ट) बस सेवा रात्री तथा दिवा सेवामा र द्रुत (एक्सप्रेस) बस सेवा, साधारण (लोकल) बस सेवा, मिनिबस, माइक्रोबस दिवा सेवामा मात्र संचालन गर्ने अनुमति दिइनेछ । तर माईक्रोबसको हकमा बढीमा ३०० किलोमिटर सम्मको दूरीका लागि मात्र बाटो इजाजत दिइनेछ ।"

३. मूल नियमावलीको नियम २० मा संशोधन : मूल नियमावलीको नियम २० को ,-

(१) उपनियम (५) मा रहेका "५५ वर्ष" भन्ने शब्दहरुको सट्टा "साठी वर्ष" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपनियम (६) मा रहेका "पूरा नभएसम्म" भन्ने शब्दहरु पछि "ट्र्याक्टर बाहेकका" भन्ने शब्दहरु थपिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. मूल नियमावलीको नियम २२ मा संशोधन : मूल नियमावलीको नियम २२ को उपनियम (१) मा रहेका "अनुसूची २०" भन्ने शब्दहरुको सट्टा "अनुसूची - १७" भन्ने शब्दहरु राखिएका छन् ।

५. मूल नियमावलीको नियम २३ मा संशोधन : मूल नियमावलीको नियम २३ को उपनियम (३) मा रहेका "अनुसूची-२२ बमोजिमको चालक अनुमतिपत्र नविकरण किताबमा जनाउनु पर्नेछ" भन्ने शब्दहरुको सट्टा "अनुसूची-१९ बमोजिमको चालक अनुमतिपत्र दर्ता किताव तयार गरी राख्नु पर्नेछ ।" भन्ने शब्दहरु राखिएका छन् ।

६. मूल नियमावलीको अनुसूचीमा संशोधन : मूल नियमावलीको अनुसूचीको,-

(१) अनुसूची ३ को खण्ड (ड) को उपखण्ड (१) पछि देहायको उपखण्ड (१क) थपिएकोछ :-

"(१क) पाँच सिटभन्दा वढी चौध सिटसम्म क्षमता भएको सार्वजनिक सवारीको लागि बाटो इजाजत दस्तुर (नवीकरण समेत):

| सि.नं | दूरी | चौमासिक रकम |
|---|---|---|
| १. | १ देखि ५० कि.मि. सम्म | रु. २७०।- |
| २. | ५१ देखि १०० कि.मि. सम्म | रु. ३१०।- |
| ३. | १०१ देखि १५० कि.मि. सम्म | रु. ४००।- |
| ४. | १५१ देखि २०० कि.मि. सम्म | रु. ४६०।- |
| ५. | २०१ देखि २५० कि.मि. सम्म | रु. ४७५।- |
| ६. | २५१ देखि ३०० कि.मि. सम्म | रु. ५५०।- |

(२) अनुसूची १७ र १९ को सट्टा यसैसाथ संलग्न अनुसूची-१७ र १९ राखिएका छन् ।
(३) अनुसूची २० र २२ खारेज गरिएका छन् ।

७. रुपान्तर : मूल नियमावलीको अनुसूचीको ठाउँ ठाउँमा रहेका "निर्माण तथा यातायात मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "श्रम तथा यातायात व्यवस्था मन्त्रालय" भन्ने शब्दहरु राखी रुपान्तर गरिएकोछ ।

मुद्रण विभाग



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६३१

अनुसूची- १७

(नियम २० को उपनियम (१) र नियम २२ को उपनियम (१) सँग सम्बन्धित)

टिकट

## चालक अनुमति पत्र / चालक अनुमतिपत्रमा अरु सवारी समावेश गर्नका लागि दिईने दरखास्त

आवेदकको पासपोर्ट साईजको फोटो

श्रीमान् कार्यालय प्रमुखज्यू,
यातायात व्यवस्था कार्यालय,
.............अंचल .............

मैले निम्न बमोजिमको सवारी व्यवसायीक/गैर-व्यवसायीक कार्यको लागि चलाउन अनुमति पत्र पाउनका लागि /पहिले प्राप्त गरेको अनुमति पत्रमा देहाय बमोजिमको सवारी थप गरी पाउन निम्न विवरण भरी आवश्यक दस्तुर र कागज पत्र सहित दरखास्त दिएको छु । सवारी चलाउने अनुमति पत्र पाउँ ।

१. दरखास्तवालाको नाम, थर : (क) देवनागरिमा :
(ख) अंग्रेजीमा ठूलो अक्षरमा :

२. स्थायी ठेगाना : (क) अञ्चल : (ख) जिल्ला : (ग) म.न.पा./उ.म.न.पा/गा.वि.स. :
(घ) वार्ड नं. (ङ) टोल : (च) फोन नं.

३. अस्थायी ठेगाना : (क) अञ्चल : (ख) जिल्ला : (ग) म.न.पा./उ.म.न.पा/गा.वि.स. :
(घ) वार्ड नं. (ङ) टोल : (च) फोन नं.
(छ) मोवाईल नं. (ज) अन्य :

४. पेशा : ५. लिङ्ग : महिला/पुरुष ६. शैक्षिक योग्यता :

७. नागरिकता : ८. नागरिकता प्र.प.नं. ९.नागरिकता लिएको जिल्ला :

१०. जन्म मिति : ११. दरखास्त दिंदाको उमेर : १२. विशेष चिन्ह (हुलिया) :

१३. रगत समूह : १४. पिता वा पतिको नामथर र ठेगाना :

१५. सवारी चलाउन प्रशिक्षण प्राप्त गरेको संस्थाको नाम :

१६. सवारी चलाउन सिकाउने चालकको नाम र अनुमति पत्र नं. :

१७. यस अघि अनुमति पत्र प्राप्त गरेको भए सोको विवरण :
(क) अनुमति पत्र दिने कार्यालय : (ख) अनुमति पत्र प्राप्त गरेको सवारीको किसिम :
(ग) अनुमति पत्र नं. : (घ) मिति :

१८. यस अघि अनुमति पत्रको लागि दरखास्त दिएको भए,
(क) दरखास्त दिएको मिति : (ख) परीक्षा मिति :
(ग) परीक्षा दिने कार्यालय : (घ) परीक्षाको परिणाम :

१९. अनुमति पत्र प्राप्त गर्न/थप गर्न चाहेको सवारी :
(क) मोटरसाईकल, स्कुटर, मोपेट (ख) जीप, कार, डेलिभरी भ्यान (ग) टेम्पो अटोरिक्सा
(घ) पावरटिलर (ङ) ट्याक्टर (च) मिनीवस, मिनीट्रक
(छ) बस, ट्रक, लहरी (ज) रोड रोलर, डोजर (झ) क्रेन

२०. दरखास्त र परीक्षा दस्तुर रु. ...... ...(अक्षरेपी ........................................) रसिद वा भौचर नं. ....../..........

२१. अन्य :

उपरोक्त सम्पूर्ण विवरण ठिक छ भनी सही गर्ने :

दायाँ वायाँ

दरखास्तवालाको सही : औंठाको छाप
मिति :

**संलग्न कागजातहरु :**
(१) दस्तुर तिरेको भौचर (२) नागरिकताको प्रमाणित प्रतिलिपि (३) निरोगिताको प्रमाण पत्र
(४) हालसालै खिचेको पासपोर्ट साईजको ३ प्रति अटो साईजको २ प्रति (५) प्रशिक्षण केन्द्रले दिएको प्रमाण पत्रको प्रतिलिपि

### कार्यालय प्रयोजनको लागि

१. परीक्षण र परीक्षाफलको विवरण -

| परिक्षाको किसिम | परीक्षा मिति | प्राप्ताङ्क | नतिजा (उतिर्ण अनुतिर्ण) | परीक्षण गर्ने अधिकारीको नाम | सही | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सामूहिक मूल्यांकन प्रतिवेदनको व्यहोरा :

२. सफल हुनेको लागि अनुमति पत्र सम्बन्धी विवरण :

(क) अनुमति पत्र नं.

(ख) अनुमति पत्र दिन सिफारिस गर्ने अधिकारीको सही : परीक्षा समितिको निर्णय मिति :

(ग) अनुमति पत्र दिने वा प्रमाणित गर्ने अधिकारीको सही :

३. असफल हुनेको लागि वा परीक्षामा सम्मिलित नहुनेको लागि पुन : परीक्षामा सामेल हुन वा दरखास्त दिन पाउने वा परीक्षामा सामेल हुन पाउने/नपाउने सम्बन्धमा भएको निर्णयको व्यहोरा :

---

श्री ५ को सरकार

श्रम तथा यातायात व्यवस्था मन्त्रालय

यातायात व्यवस्था विभाग

यातायात व्यवस्था कार्यालय ..........................................

सवारी चालक अनुमति पत्रको परीक्षाको लागि

## प्रवेश-पत्र

दर्ता नं. : दर्ता मिति :

आवेदकको नाम थर : ना.प्र.नं. पासपोर्ट नं.

पिता वा पतिको नाम, थर : स्थायी ठेगाना : रक्त समूह :

आवेदन गरेको सवारीको किसिम : आवेदकको दस्तखत :

परीक्षा हुने मिति : समय : स्थान :

आवेदन फाराम स्वीकृत गर्नेको दस्तखत :



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ६५२

अनसूची-१९
(नियम २१ र नियम २३ को उपनियम (३) सँग सम्बन्धित)

**चालक अनुमति पत्र / नवीकरण दर्ता किताब**

श्री ५ को सरकार
श्रम तथा यातायात व्यवस्था मन्त्रालय
यातायात व्यवस्था विभाग
यातायात व्यवस्था कार्यालय
..................अंचल ...................

आवेदकको हालसालै खिचिएको पासपोर्ट साईजको फोटो टाँस्ने ।

१. चालक अनुमति पत्र नं. : २. जारी भएको मिति : ३. म्याद समाप्त हुने मिति :
४. होलोग्राम नम्बर : ५.कार्ड नं. ६. रगत समूह :
७. अनुमति पत्र पाउनेको नाम, थर : ८. उमेर :
९. पिता वा पतिको नाम :
१०. स्थायी ठेगाना : (क) अञ्चल : (ख) जिल्ला : (ग) म.न.पा. / उ.म.न.पा / गा.वि.स. :
(घ) वार्ड नं. (ङ) टोल : (च) फोन नं.
(ज) ब्लक नं. (झ) सम्पर्क स्थान वा कार्यालय :
११. अस्थायी ठेगाना :(क) अञ्चल : (ख) जिल्ला : (ग) म.न.पा. / उ.म.न.पा / गा.वि.स. :
(घ) वार्ड नं. (ङ) टोल : (च) फोन नं. (छ) मोबाईल नं.
(ज) ब्लक नं. (झ) सम्पर्क स्थान वा कार्यालय :
१२. पेशा : १३. शैक्षिक योग्यता :
१४. नागरिकता नं. १५. नागरिकता लिएको जिल्ला : १६. पासपोर्ट नं.
१७. चालक अनुमति पत्र प्राप्त गरेको सवारी विवरण :
(क) (ख) (ग)
(घ) (ङ) (च)
(छ) (ज) (झ) (ञ)
१८. दस्तखत र औंठा छाप :
अनुमति पत्र पाउनेको दस्तखत :

औंठा छाप : दायाँ वायाँ

फाँटवालाको दस्तखत : चेक गर्नेको दस्तखत : जारी गर्ने अधिकारीको दस्तखत :

१९. अनुमति पत्रमा थप सवारी समावेश भएको विवरण :

| समूह | थप सवारीको विवरण | थप सवारीको अनुमति पत्र प्राप्त मिति | फाँटवालाको सही | प्रमाणित गर्ने को सहि |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

२०. चालक अनुमति पत्र नविकरण गर्दाको विवरण :

| साविक अनुमति पत्र न | जारी गर्ने कार्यालय | म्याद समाप्त भएको मिति | हाल नविकरण गरेको मिति | ररिद नं.र दस्तुर रकम | नविकरण वहाल रहने मिति | फाँटवालाको सही | प्रमाणित गर्नेको सही |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

**आज्ञाले,**

**नारायणप्रसाद सिलवाल**

**श्री ५ को सरकारको सचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रु. ५।-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।